सोलुदुधकुण्ड नगरपालिका
ༀ། །ཤོད་རོང་ཝོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
प्रदेश नं.१ नेपाल

प.सं.२०७७/०७८
च.नं.

# प्रेश विज्ञप्ति

सोलुदुधकुण्ड नगरपालिकाको आठौं नगर सभा मिति २०७८ असार १० गते प्रारम्भ भएको छ । नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा प्रारम्भ भएको नगर सभामा नगर उपप्रमुख श्री कल्पना राईज्यूले प्रस्तुत गर्नु भएको सोलुदुधकुण्ड नगरपालिकाको चालू खर्च रकम तर्फ रू.३८,०४,९७,९९४।६३ र पूँजीगत खर्च रकम तर्फ रू. २०,९८,५६,२७०।- गरी कूल बजेट रकम रु. ५९,०३,५४,२६४।६३ अनुमान गरिएको छ भने आर्थिक ऐन-२०७८, विनियोजन ऐन-२०७८ र आर्थिक वर्ष २०७८/७९ को बजेट तथा नीति नगर सभाले सर्वसम्मतरुपमा पारित गरेको छ । आठौं नगर सभाका मूख्य-मूख्य नीतिहरु तपसिल वमोजिम रहेका छन् ।

तपसिलः

स्वास्थ्य तर्फः

१. नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा इन्टरनेटको व्यवस्था गरी नगरवासीहरुले आफ्नो स्वास्थ्य सम्बन्धमा प्रत्यक्ष रुपमा विशेषज्ञ चिकित्कससँग परामर्श लिन सक्ने टेलिमेडिसिन सेवा प्रदान गरिने ।
२. कोभिड १९ को प्रभावलाई रोकथाम, नियन्त्रण तथा उपचारको लागि अक्सिजन सिलिन्डर, कन्सनट्रेटर तथा स्वास्थ्य सामग्री सहित स्वास्थ्य चौकीहरुलाई सुविधायुक्त वनाइने । साथै प्रत्येक स्वास्थ्य चौकीहरुमा क्वारेन्टाइन तथा वेडसहितको आइसोलेसन कक्षको व्यवस्था गरिने । कोभिड १९ को तेश्रो लहरको सम्भावानालाई मध्यनजर राखी सबै स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्रीहरु समेत तयारी अवस्थामा राखिने ।
३. वडा नं ८, ९ र १० का नगरबासीहरुलाई लक्षित गरि वडा नं १० मा रहेको टाप्टिङ स्वास्थ्य चौकीलाई आवश्यक जनशक्ति सहित प्राथमिक अस्पताल (Primary Hospital) को रुपमा स्तरोन्नती गरी संचालनमा ल्याईने ।

शारदा माया तामाङ
प्रवक्ता

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

४. नगरबासीहरुलाई जटिल स्वास्थ्य समस्या भई स्वास्थ्य चौकी तथा अस्पतालले प्रेषण (रिफर) गरी उपचारका लागि अन्यत्र जानु परेमा नगरपालिकाको एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराईने ।

**शिक्षा तर्फः**

१. कक्षा ५ को स्थानीय पाठ्यक्रमलाई शैक्षिक सत्र- २०७८ देखि प्रयोगमा ल्याईने ।

२. माध्यमिक र निम्न माध्यमिक तहमा न्यून दरबन्दी भएका र अंग्रेजी, विज्ञान तथा गणित विषयमका दरबन्दी नभएका विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापन गर्नका लागि थप अनुदान उपलब्ध गराउने ।

३. नमुना विद्यालयकोरूपमा छनौट भएको वडा नं. ५ स्थित जन जागृति उच्च माध्यामिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, शैक्षिक एवं सूचना प्रविधिको विस्तार गर्ने,

**कृषि तर्फः**

१. प्राकृतिक प्रकोपबाट किसानका बाली तथा पशुधनहरु समय समयमा हुने नोक्सान तथा क्षतिलाई न्यूनीकरण गर्न विमा कम्पनीहरुसँग समन्वय गरी कृषि बाली विमा तथा पशु विमा गर्नका लागि आवश्यक प्रवन्ध मिलाइने ।

२. वडा नं ८ र ९ मा स्याउ र ओखरको जोन बनाई अन्य क्षेत्रमा सम्भाव्यता अनुसार स्याउ र ओखरको पकेट कार्यक्रम ल्याइने ।वडा नं ८, ९,१० र ११ मा आलु जोन कार्यक्रम ल्याइने । सोलुदुधकुण्ड नगरभरी किवी जोनको विस्तार गरिने।

३. सोलुदुधकुण्ड नगरपालिका वडा नं ११ स्थित साविक वडा नं १ देखि ५ भित्र मिति २०७८/०२/२५ गते आएको हावा हुरि बतासले २७५ घरको अनुमानित ७०४ मुरी बराबरको मकैबाली क्षती भएकोमा कृषकहरुलाई राहत स्वरुप विशेष कृषि कार्यक्रम लागू गरी कृषकहरुको मनोवल उच्च पारिने ।

शारदा माया तामाङ
प्रवक्ता

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

सोलुदुधकुण्ड नगरपालिका
༄༅། །སོ་ལུ་དུད་འོ་མའི་མཚོའི་གྲོང་རྡལ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
प्रदेश नं.१ नेपाल


प.सं.२०७७/०७८
च.नं.

ऊर्जा तर्फः

१. विद्युतीकरण कार्यलाइ विस्तार गरी नगरपालिकालाई "उज्यालो नगर " को रुपमा घोषणा गर्ने,

२. पहिलो चरणमा पाईलट प्रोजेक्टको रुपमा वडा नं ११ तिङलामा वितरण हुने विद्युतीय चूलो (Induction Heater) को प्रयोग र प्रभावकारिताको समीक्षा गरी प्राप्त पृष्ठपोषणको आधारमा अन्य वडाहरुमा समेत क्रमशः सबै किसिमको भाडाहरु (All in One) विद्युतीय चूलो वितरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

पूर्वाधार तर्फः

१. टाक्टोर-लामाजुरा हुदै लिखुपिके जोड्ने ट्र्याक ओपनको काम आगामी आ.व.भित्र सम्पन्न गरी स्तरोन्नतिको काम समेत सुरु गर्ने,

२. नगरपालिकाभित्रका स्वरोजगार बन्न चाहने युवा, व्यवसायी तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य वैक तथा नेपाल बैंक लिमिटेडसँग सम्झौता भई कर्जा उपलब्ध गराउने कार्यको सुरुवात भईसकेकोमा थप बैंकहरुसँग समेत सम्झौता गर्ने कार्य अगाडी बढाई युवा स्वरोजगारको सुनिश्चितता गरी विदेश पलायनलाई निरुसाहित गर्ने,

३. वडा नं ८ र ९ को विचको चटयाङघाट र सल्लेरी-रोशी जोड्ने सोलुखोलाको निर्माणाधीन मोटरेवल पूलको निर्माण कार्यलाई चालू आ.व. मा सम्पन्न गर्ने,

४. वडा नं. ४ मा फाप्लु बसपार्क निर्माण गर्ने तथा वडा नं. ५ सल्लेरीको बसपार्कलाई स्तरोन्नती गर्ने ,

५. आन्तरिक/धार्मिक पर्यटन को मुख्य गन्तव्यको रुपमा रहेको सोलुदुधकुण्ड नगरपालिका वडा नं ३ स्थित ज्वालामाई मन्दिरको पुर्वधार निर्माण कार्यलाई निरन्तरता दिने,

६. नगरपालिकाको प्रवेशद्वारको रुपमा रहेको पत्तालेमा पर्यटकीय पार्क र प्रवेश द्वार निर्माण गरी सञ्चालनमा ल्याइने,

७. निर्माणाधीन छिनाक्पु-फाप्लु-सल्लेरी-नयाँबजार खानेपानी योजनालाई निरन्तरता दिने,

८. पर्यटकीय महत्वका स्थान सिलगुढी डाँडा, रात्नाङ्गे डाडाँ र पिके डाँडा जोड्ने पर्यटन पदमार्गहरुको स्तरोन्नतिलाई प्राथमिकताका साथ अगाडि बढाइने साथै यी मार्गहरुलाई साईकिलिङ रुटको रुपमा विकास गरिने ।

मितिः२०७८।०३।१०

शारदा माया तामाङ
प्रवक्ता


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email-solududhkundamun@gmail.com